नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

२०८१ माघ ९ गते तदनुसार २२ जनवरी २०२५ को साँझ करिब ५:०५ बजे भारतको महाराष्ट्र राज्य, जलगाउँ जिल्लाको परधाडे स्टेसननजिकै भएको रेल दुर्घटनामा परी ७ जना नेपालीसहित १२ जनाको मृत्यु भएको खबरले दु:खित भएका छौं। उक्त दुर्घटनामा आफन्त गुमाएका शोकाकुल परिवारप्रति नेपाल सरकार, परराष्ट्र मन्त्रालय गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

उक्त रेल दुर्घटनामा परी दु:खद निधन भएका नेपालीहरू निम्नानुसार रहेको जानकारी प्राप्त भएको छ-

| सि.नं. | नाम, थर | उमेर | लिङ्ग | ठेगाना |
|---|---|---|---|---|
| १. | कमला नवीन भण्डारी | ४३ | महिला | कैलाली |
| २. | लछिराम पासी | ४० | पुरुष | कैलाली |
| ३. | हिमु नन्दराम विश्वकर्मा | ११ | पुरुष | मंगलसेन, अछाम |
| ४. | नन्दराम पद्म विश्वकर्मा | ४४ | पुरुष | मंगलसेन, अछाम |
| ५. | मैसारा कामी विश्वकर्मा | ४२ | महिला | मंगलसेन, अछाम |
| ६. | जोक्ला उर्फ कला कामी | ६० | महिला | कमलबजार, अछाम |
| ७. | राधेश्याम राध | ३२ | पुरुष | डंडुवा, बाँके |

दुर्घटनामा घाइते भएका ४ जना नेपालीहरूमध्ये ३ जनाको स्थानीय अस्पताल र गम्भीर घाइते भएका १ जनाको गोदावरी अस्पताल, जलगाउँमा उपचार भइरहेको छ।

दुर्घटनामा मृत्यु भएका नेपालीहरूको शव नेपाल ल्याउन तथा घाइतेहरूको शीघ्र उपचार गर्नका लागि नेपाल सरकार, परराष्ट्र मन्त्रालयले नयाँ दिल्लीस्थित नेपाली राजदूतावास तथा काठमाडौंस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारका सम्बन्धित निकायहरूसँग समन्वय एवं सहजीकरण गरिरहेको छ।

सिंहदरवार, काठमाडौं
मितिः २०८१।१०।११